| व्यक्तिको हकमा | संस्थाको हकमा | स्थानीय तहको हकमा | कानून व्यवसायी वा लेखापढी व्यवसा गर्न प्रमाणपत्र प्राप्त व्यक्तिको हकमा | साधरण प्रयोगकर्ताको हकमा |
| --- | --- | --- | --- | --- |
| ४.प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको ।<br>५.सेवाकेन्द्र सञ्चालनका लागि दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको ।<br>६.नैतिक पतन देखिने फौजदारी कसुर वा लिखत सम्बन्धी कुनै कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको । | ४.प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको ।<br>५. कर चुक्ताको प्रमाण पत्र भएको ।<br>६.भू-सेवाकेन्द्र सञ्चालनका लागि दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको । | | | |

भू-सेवा केन्द्र सञ्चालनको लागि चाहिने पूर्वाधार( भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ को दफा ७ )

१.कम्प्युटर

२.प्रिन्टर

३.ब्याकअप सिस्टम

४.स्क्यानर

५.भू-सूचना प्रणालीसँग कम्प्याटिबल हुने वायोमेटिक डिभाइस , वेव क्यामेरा तथा दस्तखत मेसिन

६.कम्तीमा २।२ एमबिपिएसको डेडिकेटेट इन्टरनेट कनेक्टीभिटी

अनुमति पत्रको दस्तुर , अवधि तथा नविकरण सम्बन्धी व्यवस्था

१.साधरण प्रयोगकर्तले युजर एकाउण्ट खोल्नका लागि सम्वन्धित कार्यालयमा पाँचसय रुपैयाँ दस्तुर बुझाउनु पर्नेछ र प्रत्येक दश वर्षमा नवीकरणका लागि ए सय रुपैयाँ दस्तुर बुझाउनु पर्नेछ ।

२.व्यक्तिको हकमा तीन हजार रुपैयाँ

३.संस्था, कानून व्यवसायी वा लेखापढीको हकमा पाँच हजार रुपैयाँ

उक्त दस्तुर को.ले.नि.का.को क (२) ६ विविध खाता अन्तर्गत खाता नं. ०७२०१३३२४६४०००२१ राजश्व शीर्षक १४२२९ कार्यालयको कोड नं.३३६०१४६०१ मा प्रभु बैंक कावासोतीमा जम्मा गरी सोको भौचर पेश गर्नुपर्नेछ ।

४. भू-सेवा केन्द्र सञ्चालन अनुमति लिन चाहने व्यक्ति वा संस्थाले ३२००१००१०२०३०००० राष्टिय वाणिज्य बैंक कावासोती कोष तथा लेखा नियन्त्रक कार्यालय कावासोतीको धरौटी खातामा धरौटी बापत देहाय बमोजिमको नगद रकम जम्मा गर्नुपर्नेछ बैंक ग्यारेण्टीको हकमा चालु आर्थिक वर्षको बाँकी रहेको अवधिमा एक महिना थप गरी कायम हुने कुल अवधिको देहाय बमोजिमको रकम बराबरको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

(क) व्यक्तिको हकमा पचास हजार रुपैया

(ख) संस्थाको हकमा दुई लाख रुपैयाँ

५.स्थानीय तहलाई भू-सेवा केन्द्र अनुमति लिन र नवीकरण गर्न कुनै दस्तुर लाग्नेछैन ।

६. भू-सेवा केन्द्र सञ्चालनको अनुमति पत्रको अवधि एक आर्थिक वर्षको हुनेछ । तर पहिलो पटक सूचना प्रकाशित भएको हकमा असार मसान्तसम्म हुनेछ ।

बैंक तथा वित्तीय संस्था सहकारी , कर्मचारी संचयकोष , नागरिक लगानीकोष जस्ता संस्थाहरुको धितोबन्धक र रोक्का फुकुवा प्रयोजनका लागि मात्र आफ्नो प्रधान कार्यालय रहेको कार्यक्षेत्र भित्रको मालपोत कार्यालयमा अनलाइन निवेदन पेश गरी अनुमति प्राप्त गर्नु पर्नेछ । प्रधान कार्यालयले यसरी अनुमति प्राप्त गरेपछि आवश्यकतानुसार वा आफ्ना शाखा कार्यालयहरुलाई युजर वितरण गर्न सक्नेछ ।

यस सूचनामा उल्लेख नभएको अन्य कुरामा भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ वमोजिम हुनेछ ।

प्रेम बहादुर दौल्याल
प्रमुख मालपोत अधिकृत

प्रमुख मालपोत अधिकृत